घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडीनगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत

सुखड, कैलाली७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष ८ | अंक १ | २०८१ बैशाख १३ गते, बुधबार |
|---|---|---|---|

## घोडाघोडी नगरपालिका शिक्षा नियमावली, २०८० को पहिलो संशोधन

**प्रस्तावना :**

घोडाघोडी नगरपालिकाको नगर शिक्षा ऐन,२०७८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी घोडाघोडी नगरपालिका शिक्षा नियमावली, २०८० लाई संशोधन गर्न बाञ्चनिय भएकाले,

नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "घोडाघोडी नगरपालिका शिक्षा(पहिलो संशोधन) नियमावली २०८१" रहेकोछ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२. **घोडाघोडी नगरपालिका शिक्षा नियमावली २०८० को नियम २६ मा संशोधन :** घोडाघोडी नगरपालिका शिक्षा नियमावली २०८० (यस पछि मूल नियमावली भनिएको ) को नियम २६ को उपनियम (८) मा रहेको "यथासक्य छिटो" भन्ने शब्दको सट्टा "६ महिना भित्र" भन्ने शब्द राखिएको छ र अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समिति गठन गरि जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ व्यवस्था थप गरिएको छ ।

**३. मूल नियमावलीको नियम ५० मा संशोधन** : (१) मूल नियमावलीको नियम ५० को उपनियम (१) पछि (१क) थप गरिएको छ :-

(१क) प्रध्यानाध्यापकको पदमा नगरपालिकाले खुला विज्ञापन गरि पदपूर्ती गर्नेछ ।

(२) मूल नियमावलीको नियम ५० को उपनियम ३ मा रहेको "ढाचा" भन्ने शब्द पछि "विद्यालय तोकी वा नतोकि बढिमा तीनवटा विद्यालय" भन्ने शब्दहरु थप गरिएका छन् ।

(३) मूल नियमावलीको नियम ५० को उपनियम (१२) मा रहेको "शिक्षा अधिकृत" भन्ने शब्दहरुका सट्टा "विद्यालय व्यवस्थापन समिति" भन्ने शब्दहरु राखिएका छन ।

(३) मूल नियमावलीको नियम ५० को उपनिमय २० को खण्ड (ङ) पछि (ङ१) खण्ड थप गरिएको छ :-

(ङ १) सम्वन्धीत विद्यालय व्यस्थापन समिति अध्यक्ष सदस्य रहने ।

घोडाघोडी स्थानीय राजपत्र

४. **मूल नियमावलीको नियम ५४मा संशोधन** : (१) मूल नियमावलीको नियम ५४ को उपनियम (१) को खण्ड (ख)मा  रहेका “नगर शिक्षा समिति” भन्ने शब्दहरुको सट्टा “शिक्षक छनोट समिति” भन्ने शब्दहरु राखिएका छन् ।

(२) मूल नियमावलीको  नियम ५४ को उपनियम (१)को खण्ड (ग) मा रहेका “नगर शिक्षा समिति” भन्ने शब्दहरुको सट्टा “वडा शिक्षा समिति संयोजक वा निजले तोकेको ” भन्ने शब्दहरु राखिएका छन् ।

(३) मूल नियमावलीको नियम ५४ को उपनियम १ को खण्ड (ग) पछि देहायका खण्ड (ग१) थप गरिएको छ :-

(ग१) सम्वन्धीत विद्यालयको वि.व्य.स. अध्यक्ष वा निजले तोकेको सदस्य  १जना  –सदस्य

(४) मूल नियमावलीको  नियम ५४ को उपनियम (२) मा रहेका “वडा शिक्षा समिति” भन्ने शब्दहरुको सट्टा “वडा कार्यालय ” भन्ने शब्दहरु राखिएका छन् ।

(५) मूल नियमावलीको  नियम ५४ को उपनियम (८) देहायको उपनियम (८क)  थप गरिएको छ : -

“(८क) सामुदायिक विद्यालयमा अस्थायी/राहत/करार/अनुदान कोटा/वालविकास सहजकर्ता/विद्यालय कर्मचारीको वार्षिक रुपमा सम्वन्धीत विद्यालय व्यवस्थापन समितिबाट म्याद थप गर्नुपर्नेछ” ।

**५. मूल नियमावलीको नियम ५६ मा संशोधन :** .(१) मूल नियमावलीको नियम ५६ को उपनियम (४) खण्ड (ग) को सट्टा देहायको (ग) राखिएको छ :-

(ग) प्र अ व्यवस्थापन तथा दरवन्दी मिलान गर्ने क्रममा ।

(२) मूल नियमावलीको नियमा ५६ को उपनिय (४) को खण्ड झ पछि देहायको नियममा (झ१) थप गरिएको छ :-

(झ१)  शिक्षहरुको दोहोरो सहमति भएमा ।

(३) मूल नियमावलीको नियम ५६ को उपनियम ६ रहेको “२ वर्ष” भन्ने शब्दको सट्टा  “१वर्ष” भन्ने शब्द राखिएको छ र  अनुदान भन्ने शब्दको पछि “ संघीय तथा नगर ” शब्दहरु थप गरिएका छन ।

**६.  मूल नियमावलीको नियम १११ मा संशोधन :**  मूल नियमावलीको नियम १११ पछि देहायका नियम( १११क) थपिएका छन् :-

“(१११ क) नगरभित्रका शैक्षिक समस्याहरुका विषयमा छलफल, सम्वाद तथा सुझावहरु पेस गर्न एक शैक्षिक सम्वाद समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| (ख) | नगर शिक्षक महासंघ अध्यक्ष | सदस्य |
| (ग) | नगर भित्र क्रियाशिल शिक्षक पेसागत संघ संगठनका प्रमुखहरु | सदस्य |
| (घ) | शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

उक्त समितिको बैठक आवश्यकतानुसार वस्नेछ । बैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ । समितिले विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।”

**७. मूल नियमावलीको   अनुसूचि -१५मा संशोधन :  (१)** मूल नियमको अनुसूचि १५ बुदा ६ को खण्ड (क) र (ख) को  “८” र “४” अंकको सट्टा “५” र  “५” राखिएको छ ।

(२) मूल नियमावलीको अनुसूचि - १५ को बुदा ८ को खण्ड (ख१) थप गरिएको छ :-

“(ख१)  सम्वन्धीत विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट २ अक राखिएको छ ।”

(३) मूल नियमावलीको अनुसूचि -१५ प्रतिबन्धात्मक वाक्यांश द्रष्टव्य (२) को सट्टा देहायको प्रतिबन्धात्का वाक्यांश द्रष्टव्य २ राखिएको छ :- “शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २.३० अङ्कका दरले र तृतीय श्रेणीको भए २.१० अङ्कका दरले हुन आउने अङ्क दिइनेछ । सम्बन्धित तह (विद्यालय) भन्दा तल्लो तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको प्रथम श्रेणीको भए २.३० अङ्कका दरले, द्वितीय श्रेणीको भए २.१० अङ्कका दरले र तृतीय श्रेणीको भए १.९० अङ्कका दरले हुन आउने अङ्क दिइनेछ । सम्बन्धित तह (विद्यालय) मा अस्थायी/राहत/करार नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको १.९० अङ्कका दरले हुन आउने अङ्क दिइनेछ । अङ्क गणना गर्दा सेवा अवधि अधिकतम १० वर्ष हुनेछ ।”

**८. खारेजी :** (१) मूल नियमावलीको नियम ५६ को उपनियम (४) नगर शिक्षा समिति भन्दा पछाडीको वाक्यांश झिकिएको छ ।

.(२) मूल नियमावलीको नियम ५६ को उपनिमय (४) को खण्ड (ज) हटाइएको छ ।

आज्ञाले

शिव सिंह भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र